जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क : ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक १६९ • २०८२ चैत्र २७ गते शुक्रबार • 10 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## २० करोड रुपैयाँ बराबरको स्वास्थ्य उपकरण, औषधि तथा रिएजेन्ट खरिद प्रक्रिया पुनः अगाडि बढाउने प्रयास

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २६ चैत्र




मधेश प्रदेशमा गत आर्थिक वर्षमा विवादका कारण रद्ध भएको करिब २० करोड रुपैयाँ बराबरको स्वास्थ्य उपकरण, औषधि तथा रिएजेन्ट खरिद प्रक्रिया पुनः अगाडि बढाउने प्रयास भएको खुलेको छ। प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चालु आर्थिक वर्षको अन्तिम त्रैमासमा सोही रद्ध खरिद प्रक्रिया सुचारु गर्न अर्थ मन्त्रालयसँग २० करोड रुपैयाँ बजेट माग गर्दै फाइल पठाएको हो ।

अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले स्वास्थ्य मन्त्रालयबाट बजेट माग भएको पुष्टि गरे पनि यसबारे अहिलेसम्म कुनै निर्णय नभएको बताए ।‘फाइल आएको छ, अध्ययनकै क्रममा छ। अहिलेसम्म कुनै निर्णय भएको छैन,’ उनले भने। उनका अनुसार, आर्थिक वर्षको अन्त्यतिर यति ठूलो खरिद प्रक्रिया अघि बढाउन खोजिनुको आवश्यकता र औचित्यबारे स्वास्थ्य मन्त्रालयसँग स्पष्टिकरण माग गरिएको छ ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद यादवले भने सार्वजनिक खरिद पुनरावलोकन समितिको आदेश कार्यान्वयन गर्नकै लागि बजेट माग गरिएको दाबी गरे ।उनका अनुसार ‘प्यारेन्टल एण्ड न्यू वर्न बेबी स्क्रीनिङ सिस्टमका लागि १० करोड, नसर्ने रोगका औषधिका लागि ३ करोड र प्रयोगशालाका रिएजेन्टका लागि ७ करोड रुपैयाँ माग गरिएको हो ।

‘समितिले खरिद प्रक्रिया जारी राख्न निर्देशन दिएको छ, त्यसैले बजेट माग गरेका हौं,’ उनले भने ।सार्वजनिक खरिद पुनरावलोकन समितिलाई ‘खरिदसम्बन्धी अर्धन्यायिक निकाय’ सरह मानिने भएकाले यसको निर्णय कार्यान्वयन गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । तर, कानुनविद् तथा पूर्व प्रशासकहरू भने यसमा असहमत देखिन्छन्। पूर्वसचिव केशव शर्मा एकपटक रद्ध भइसकेको ठेक्का पुनः जीवित नहुने बताउँछन् ।‘रद्ध भइसकेको ठेक्का पुनः ब्युँतिँदैन, अधिकतम क्षतिपूर्ति मात्रै माग्न सकिन्छ,’ उनले भने ।

अर्का पूर्व सचिव अर्जुनजंग थापाले पनि पुनरावलोकन समितिको निर्णय अन्तिम नभई अदालतमा चुनौती दिन सकिने बताए। ‘समितिको निर्णयप्रति असन्तुष्टि भए अदालत जाने बाटो खुला हुन्छ,’ उनले भने।मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले समेत रद्ध भइसकेको ठेक्का पुनः सुरु गर्न सकिने विषयमा प्रश्न उठाएका छन् । ‘रद्ध भएको प्रक्रिया कसरी ब्युँताउन सकिन्छ? यसबारे सम्बन्धित निकायमै बुझ्नुपर्छ,’ उनले भने।आर्थिक वर्ष २०८१/८२ मा जनकपुर, सिरहा, बारा र लहानका प्रादेशिक अस्पतालका लागि ‘न्यू वर्न बेबी स्क्रीनिङ सिस्टम’ खरिद गर्न करिब ९ करोड ८७ लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले १४ पुस २०८१ मा बोलपत्र आह्वान गरेको थियो ।

## महोत्तरीको सरकारी कार्यालयहरूमा छड्के अनुगमन



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २६ चैत्र

जिल्ला प्रशासन कार्यालय महोत्तरीको टोलीले जिल्लाभित्रका विभिन्न सरकारी कार्यालयहरूमा छड्के अनुगमन गरेको छ ।

सेवाग्राहीको गुनासो बढ्दै गएको तथा सेवा प्रवाहमा ढिलासुस्ती भइरहेको सूचनाको आधारमा अनुगमन गरिएको प्रशासनले जनाएको छ । अनुगमनका क्रममा कार्यालयहरूमा कर्मचारीको उपस्थिती, सेवाप्रवाहको अवस्था, नागरिकमैत्री व्यवहार तथा अभिलेख व्यवस्थापनको अवस्था अवलोकन गरिएको थियो । केही कार्यालयमा कर्मचारी अनुपस्थित रहेको, सेवाग्राहीलाई अनावश्यक ढिलाइ गराइएको तथा सूचना बोर्ड अद्यावधिक नभएको पाइएको स्रोतले जनाएको छ । टोलीले सम्बन्धित कार्यालयका प्रमुखहरूलाई सेवा प्रवाहलाई छिटो, पारदर्शी र प्रभावकारी बनाउन निर्देशन दिएको छ। साथै सेवाग्राहीसँग शिष्ट व्यवहार गर्न, तोकिएको समयमै सेवा उपलब्ध गराउन तथा गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन पनि जोड दिइएको छ । जिल्ला प्रशासन कार्यालयले यस्ता अनुगमनलाई निरन्तरता दिने जनाउँदै कमजोरी दोहोरिए कारबाही प्रक्रिया अघि बढाइने चेतावनीसमेत दिएको छ ।

## ज्ञान गंगाद्वारा शैक्षिक भित्ते पात्रो–२०८३ को बिमोचन

### चैत्र ३० गते अभिभावक दिवस र स्पोर्टस वीकको समापन




सोनी साह
जनकपुरधाम, २६ चैत्र

ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलले बिहिबार एक कार्यक्रम वीच शैक्षिक भित्ते पात्रो–२०८३ को बिमोचन गरेको छ। सो बिमोचन कार्यक्रममा अध्यक्ष प्रा.पवन कुमार साह,प्रमुख अतिथि तथा ई–सेवाको प्रतिनिधि अभिषेक झा,उनको सहयोगी कर्मचारी,संयोजक खुश्बु झा, वरिष्ठ शिक्षक सरोज कुमार झा,विवेकानन्द झा,शिक्षक सरोज चौरसिया,शिक्षिका रोशनी यादव,आरती मिश्र,लेखापाल रागनी ठाकुर,कर्मचारीहरु तथा विद्यार्थीहरुको उपस्थिति रहेको थियो । अभिभावक दिवसको अवसरमा संचालन भएको स्पोर्टस वीक चैत्र २० गतेदेखि संचालन भई चैत्र ३० गते अभिभावक दिवस मनाइनुको साथै सो स्पोर्टस वीक समापन हुने अध्यक्ष साह बताउनुभयो। सो दिन यस शैक्षिक प्रतिष्ठानका अभिभावकहरुलाई विशेष सम्मान दिन अभिभावक दिवस मनाउनुका साथै स्पोर्टस वीकमा सहभागि विद्यार्थीहरुमध्ये राम्रो गर्नेलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गरिने अध्यक्ष साहले जानकारी गराउनु भयो। यस विद्यालयले विभिन्न प्रबर्द्धनात्मक कार्य तथा कक्षा १ देखि कक्षा ७ सम्मका विद्यार्थीहरुका प्रवेश परीक्षा बैशाख ३ र ४ गते लिने तथा शै.सत्र २०८२ को परीक्षाफल प्रकाशन बैशाख ४ गते शुक्रबार गर्ने आफ्नाअभिभावकलाई जानकारी गराएको छ।

## मटिहानी-६ मा टोल विकास संस्था गठन तथा परिचालन कार्यक्रम सम्पन्न

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २६ चैत्र




मटिहानी नगरपालिका वडा नं. ६ मा ’सपोर्ट नेपाल’ को आयोजना, जर्मन संस्था KURVE Wustrow को सहयोग तथा वडा कार्यालयको सहकार्यमा बिहीबार एक विशेष भेलाका बीच ’टोल विकास संस्था’ विधिवत रूपमा गठन गरिएको छ ।

सहनी टोलमा आयोजित उक्त कार्यक्रममा टोलको सर्वाङ्गिण विकासका लागि विभिन्न ६ वटा महत्वपूर्ण प्रस्तावहरूमा छलफल गरी सर्वसम्मतिले निर्णयहरू पारित गरिएको हो। बैठकले टोलको सीमाना स्पष्ट पार्दै कार्यक्षेत्र समेत तोकेको छ । विकास प्रक्रियामा कोही पनि नछुटुन् भन्ने उद्देश्यका साथ यस क्षेत्रभित्र बसोबास गर्ने दलित, अल्पसंख्यक र सीमान्तकृत लगायत सबै स्थानीयलाई समेट्ने गरी पूर्ण समावेशी संस्था बनाउने ऐक्यवद्धता जनाइएको छ। संस्थालाई प्रभावकारी र व्यवस्थित रूपमा अघि बढाउन ९ सदस्यीय कार्यसमिति चयन गरिएको छ। नवगठित समितिले अब संस्थाको विधान निर्माण, पारित र दर्ता प्रक्रियालाई तीव्रता दिने निर्णय गरेको छ। वडा अध्यक्ष कालिम अन्सारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्थानीय जनप्रतिनिधि, वडा सदस्यहरू,स्थानीयहरू, सपोर्ट नेपालका महोत्तरी जिल्ला संयोजक प्रकाश ठाकुर, धनुषा जिल्ला संयोजक शत्रुघ्न महतो लगायत सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता थियो। आयोजक संस्थाले यस टोल विकास संस्थाको गठनसँगै सहनी टोलमा विकास निर्माणका कार्यहरूले थप गति लिने र स्थानीय समस्याहरूको सामूहिक रूपमा समाधान हुने ठूलो विश्वास लिएको छ । यो कदमले स्थानीय स्तरमा सुशासन र सहभागितामूलक विकासको नयाँ अभ्यास सुरु गर्ने अपेक्षा गरिएको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय....................

# काम गर्नु नै ठूलो चुनौती

जनताको अपेक्षालाई शासनमा बदल्न निकै मेहनत गर्नुपर्छ । नेपालमा विद्यमान पुराना परिपाटीहरू भत्काउन सहज त्यति सजिलो छैन। बेरोजगारी अन्त्य गर्नु नै अबको सरकारको मुख्य लक्ष्य रहेको देखिन्छ। स्वदेशमै रोजगारी सिर्जना गरेर युवा शक्तिलाई रोक्नुपर्ने देखिन्छ। वैदेशिक सम्बन्धमा पनि स्थिरता र परिपक्वता कायम हुनुपर्ने देखिन्छ। बाह्य शक्तिसँगको व्यवहारमा नेपाल सधैं सचेत हुनुपर्ने देखिन्छ। बालेनको जितले देशलाई एउटा नयाँ बाटो देखाएको देखिन्छ। अबका दिनमा गर्ने कामले नै भविष्य निर्धारण गर्ने देखिन्छ। यदि सरकार सफल भयो भने नेपाल साँच्चै फेरिने देखिन्छ । सुशासन र स्थिरता नै सफलताको मुख्य कसी हुने देखिन्छ। यो एउटा स्वर्णिम अवसर र कठिन चुनौती रहेको देखिन्छ। नेपाली इतिहासले अब नयाँ पाना कोर्न सुरु गरिसकेको देखिन्छ। जनताले परिवर्तनको वास्तविक स्वाद अब पाउनुपर्ने देखिन्छ। सबैको नजर अब नयाँ सरकारको काममा रहेको देखिन्छ। यो घडी नेपालका लागि निकै महत्वपूर्ण साबित हुने देखिन्छ।

नयाँ नेतृत्व र पार्टीका चुनौतीहरू निकै धेरै रहेको छ। राष्ट्रियस्तरमा उनीहरूको कार्यक्षमता अझै परीक्षण भएको छैन। जनताको अपेक्षा अहिले सगरमाथा जस्तै उच्च रहेको देखिन्छ । यो ठूलो जनमतलाई नतिजामा बदल्न निकै कठिन रहेको देखिन्छ। नेपालमा अनेकौं संस्थागत र कानुनी बाधाहरू रहेको देखिन्छ। ती बाधा हटाएर काम गर्नु नै ठूलो चुनौती रहेको देखिन्छ। भ्रष्टाचार विरोधी प्रतिबद्धता अब व्यवहारमा देखिनु आवश्यक रहेका छन। अहिले देशलाई आर्थिक रुपमा सबल बनाउनको लागि औद्योगिक क्रान्ति ल्याउन जरुरी छ भने भएको उद्योगको संरक्षण जरुरी छ।

# आँपको रुखमा मधुवारोग लागेका कारण आँप उत्पादनमा ह्रास आउने अनुमान

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २६ चैत्र**

मधेस प्रदेश कृषि विकास निर्देशनालय जनकपुरधामले आँपको रुखमा मधुवारोग लागेका कारण आँप उत्पादनमा ह्रास आउने अनुमान गरेको छ। समयमा वर्षात् नभएको र हावाहुरीले पनि आँप उत्पादनमा ह्रास आउन सक्ने निर्देशनालयले जनाएको हो ।

यस वर्ष मधेस प्रदेशमा आँपका रुखमा आँपको मजर अर्थात् फूल अत्यधिक लागेको थियो तर मधुवा रोगले समस्या उत्पन्न भएको हो। निर्देशनालयका अनुसार प्रदेशका आठवटै जिल्लामा गत वर्षको तुलनामा यस वर्ष करिब ६० प्रतिशतभन्दा बढी उत्पादन हुने अनुमान गरिएको थियो । तर रोगले गर्दा सो अनुमान अनुसार उत्पादन



नहुने अवस्था सिर्जना भएको निर्देशनालयका अधिकृत सन्दीप ठाकुरले बताउनुभयो । निर्देशनालयबाट प्राप्त विवरण अनुसार यस वर्ष मधेस प्रदेशका किसानले करिब ३० हजार ८०० हेक्टर क्षेत्रफलमा आँपखेती गरेका छन् । मौसम अनुकूल रहेमा प्रदेशमा चार लाख मेट्रिक टनभन्दा बढी आँप उत्पादन भई करिब ४० करोड रुपैयाँ बराबरको कारोबार हुने अनुमान छ। मधेस प्रदेशका जिल्लामध्ये धनुषा, महोत्तरी, सिरहा र सप्तरी आँप उत्पादनका दृष्टिले अग्रणी मानिन्छन् । व्यावसायिक रूपमा आँप खेती विस्तार हुँदै गएको यस प्रदेशले देशको कुल आँप उत्पादनको करिब ७६ प्रतिशत हिस्सा ओगट्ने गरेको छ । गत आवमा मधेस प्रदेशका किसानले ३० हजार ६०० हेक्टर क्षेत्रफलमा आँपखेती गरेका थिए । त्यसबेला प्रदेशमा तीन लाख ९५ हजार ९६२ मेट्रिकटन आँप उत्पादन भएको थियो। मधेसमा विशेषगरी मालदह, बम्बै, कलकत्तिया, आम्रपाली र दशहरी नकुअवा, केरवा, विजु, सिपिया लगायतका आँप खेती गरिएको छ। नेपालमा विदेशी आँपको आयात पनि उल्लेख्य रहेको छ । प्लान्ट क्वारेन्टाइन कार्यालय भिठ्ठामोडका प्रमुख किशोरकुमार यादवका अनुसार गत आवको फागुनदेखि चालु आवको कात्तिकसम्म भारतबाट भिठ्ठामोड नाका हुँदै ३५९ मेट्रिकटन आँप नेपाल भित्रिएको थियो । जसको मूल्य करिब दुई करोड १५ लाख रूपैयाँ बराबर रहेको छ। हाल देशभर करिब ५३ हजार हेक्टर क्षेत्रफलमा आँपखेती भइरहेको कृषि मन्त्रालयको तथ्याङ्क छ।

# दुई दिने 'परवाहा लोक संस्कृति उत्सव २०८२' आयोजना

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २६ चैत्र**

धनुषाको औरही गाउँपालिका-२ परवाहामा स्थानीय लोक संस्कृतिको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण गर्ने उद्देश्यले दुई दिने 'परवाहा लोक संस्कृति उत्सव २०८२' आयोजना हुने भएको छ । श्री युवा नाट्यकला परिषद् परवाहाको आयोजनामा चैत ३० र वैशाख १ गते कार्यक्रम सञ्चालन हुन लागेको हो । उत्सवको पहिलो दिन चैत ३० गते बिहान ९ बजे उद्घाटन कार्यक्रमसँगै विविध सांस्कृतिक प्रस्तुति सुरु हुनेछ ।

उद्घाटनपछि सांस्कृतिक संक्रमणसम्बन्धी विमर्श कार्यक्रम राखिएको आयोजकले जनाएको छ। सोही दिन दिउँसो १ बजेदेखि ३ बजेसम्म आल्हा तथा कारिख कुमरजस्ता परम्परागत गाथा गायन प्रस्तुत गरिनेछ भने ३ बजेदेखि ४ बजेसम्म सांस्कृतिक विषयमा छलफल हुने कार्यक्रम रहेको छ। दोस्रो दिन वैशाख १ गते बिहान ९ बजेदेखि 'सांस्कृतिक पुनरुत्थान कि पुनर्विष्कार'



विषयमा बृहत् विमर्श गरिनेछ । त्यसपछि देहातको जीवन, संस्कार र कर्मकाण्ड झल्काउने पमरिया लोकनाचसहित विभिन्न सांस्कृतिक झाँकी प्रस्तुत गरिनेछ । मध्याह्नपछि विद्यापति गीत, संस्कार-व्यवहारसम्बन्धी गीत, गोदना, तथा गाथा गायन कार्यक्रम आयोजना गरिने जनाइएको छ। साँझपख लोरिक, दिनाभद्री तथा सलहेश नाचजस्ता मिथिलाञ्चलका चर्चित लोक विधा प्रस्तुत गरिनेछन् । त्यस्तै, ऋतु गीत, श्रम गीत, नारदी कीर्तनलगायतका कार्यक्रममार्फत स्थानीय संस्कृति झल्काइनेछ । अन्तिम चरणमा समापन समारोहसँगै सांस्कृतिक कार्यक्रम राति ११ बजेसम्म सञ्चालन हुने आयोजकले जानकारी दिएको छ । उत्सव मिथिला सांस्कृतिक केन्द्र औरही-२ परवाहामा सञ्चालन हुनेछ भने कार्यक्रमलाई औरही गाउँपालिकाको कार्यालय धनुषाले सहयोग गरेको छ ।

कार्यक्रमका बारेमा जानकारी दिँदै युवा नाट्यकला परिषद्का अध्यक्ष अनिल मिश्रले पछिल्लो समय आधुनिकताको प्रभावले स्थानीय मौलिक संस्कृति ओझेलमा पर्दै गएको भन्दै यस्ता उत्सवमार्फत त्यसको संरक्षण आवश्यक रहेको बताए । उनले भने, 'हाम्रो पहिचान नै हाम्रो संस्कृति हो। नयाँ पुस्तामा यसको महत्व बुझाउन र हराउँदै गएका परम्परालाई जोगाउन हामीले यो उत्सव आयोजना गरेका हौं ।' अध्यक्ष मिश्रले गाउँघरमा रहेका पुराना लोकगीत, नाच र परम्परागत ज्ञानलाई अभिलेखीकरण गर्दै पुस्तान्तरण गर्ने लक्ष्य पनि रहेको बताए ।

'हामीले मनोरञ्जनका लागि मात्रै नभई सांस्कृतिक अध्ययन, विमर्श र संरक्षणलाई जोड दिएका छौं,' उनले थपे । उनका अनुसार उत्सवमा स्थानीय कलाकारसँगै विभिन्न क्षेत्रका सांस्कृतिक अभियन्ता, अनुसन्धानकर्ता तथा सरोकारवालाको सहभागिता रहनेछ । यसले मिथिला क्षेत्रको सांस्कृतिक विविधतालाई थप उजागर गर्ने विश्वास आयोजकले लिएको छ। स्थानीय तह, कलाकार र समुदायको सहकार्यमा आयोजना हुन लागेको यो उत्सवले परवाहा क्षेत्रलाई सांस्कृतिक केन्द्रको रूपमा स्थापित गर्न टेवा पुग्ने विश्वास गरिएको छ ।

## तपाईंको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: मित्रतामा फाटो आउने
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कट: मनमा पछुतो आउने
सिंह: अनावश्यक चिन्ता
कन्या: खानपानमा समस्या आउने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: आम्दानी हुने
धनु: लामो यात्राको योग छ
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर


| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# हर्मुज जलमार्ग पूर्णरूपमा बन्द हुँदा बीच बाटोबाटै फर्किए तेल ट्याङ्कर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ चैत्र



संयुक्त राज्य अमेरिका र इरानबीच भएको युद्धविराम लगत्तै स्थिति पुनः बिग्रिएपछि इरानले तेल आयातका लागि महत्त्वपूर्ण मानिने स्ट्रेटअफ हर्मुज जलमार्ग पूर्णरुपमा बन्द गरेको छ ।

लेबनानमा इजरायलले गरेको भीषण आक्रमणको प्रतिक्रियास्वरूप इरानले यो कदम चालेको हो । यससँगै तेल बोकेका ट्यांकरहरु बीच बाटोबाटै फर्किएका छन् । इरानको सरकारी सञ्चारमाध्यम प्रेस टिभीका अनुसार, हर्मुज जलमार्ग पूर्णरूपमा बन्द भएपछि खाडी क्षेत्रबाट बाहिर निस्कन लागेका थुप्रै तेल ट्याङ्करहरू बीच बाटोबाटै फर्कन र पर्सियन खाडीको भित्री भागमै रहन बाध्य भएका छन् ।

यसअघि, अमेरिका र इरानबीच मंगलबार भएको दुई हप्ता लामो युद्धविरामपछि बुधबार बिहान ग्रीसको बल्क क्यारियर एनजे अर्थ र लाइबेरियाको झण्डा बोकेको डेटोना बीच नामका दुई जहाजले पहिलो पटक यो जलमार्ग पार गरेका थिए । मरिन ट्राफिकको तथ्याङ्कले ती जहाजहरूले यात्रा शुरू गरेको देखाएको थियो । तर, इजरायलले लेबनानभरि गरेको ठूलो स्तरको हवाई आक्रमणमा कम्तीमा २५४ जनाको मृत्यु भएपछि स्थिति अचानक तनावपूर्ण बनेको हो ।

इरानको अर्धसरकारी समाचार एजेन्सी फार्सका अनुसार, लेबनानमा भएको आक्रमणको विरोधमा इरानले हर्मुज जलसन्धिबाट हुने सम्पूर्ण तेल ट्याङ्करको आवतजावत रोकिदिएको छ । सिपिड एनालिटिक्स फर्म केप्लरको रिपोर्ट अनुसार, मंगलबारसम्म यस क्षेत्रमा १८७ वटा तेल ट्याङ्करसहित १,००० भन्दा बढी जहाजहरू पालो पर्खिरहेका थिए । सामान्य अवस्थामा पनि यति धेरै जहाजहरूलाई त्यहाँबाट बाहिर निस्कन दुई हप्ताभन्दा बढी समय लाग्ने बताइएको छ । यसैबीच, इरानको पोर्ट्स एण्ड म्यारिटाइम अर्गानाइजेसनले बुधबार एक सुरक्षित नेभिगेसन चार्ट जारी गरेको छ । जसमा सबै जहाजहरूलाई बारुदी सुरुङको जोखिमबाट बच्नका लागि तोकिएको मार्ग कडाइका साथ पालना गर्न सचेत गराइएको छ ।

विश्वको कुल तेल आपूर्तिको ठूलो हिस्सा यही जलसन्धी भएर जाने भएकाले यसको बन्दले विश्वव्यापी तेल बजार र आपूर्ति शृङ्खलामा गम्भीर असर पर्ने अनुमान गरिएको छ ।

# राजनीतिक परिवर्तनसँगै निजी क्षेत्रमाथि आक्रमण हुने प्रवृत्ति अन्त्य गर्नुपर्छः उपाध्यक्ष ढकाल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ चैत्र



नेपाल उद्योग वाणिज्य महासंघको वस्तुगततर्फका उपाध्यक्ष हेमराज ढकालले वर्तमान सरकारले अब निजी क्षेत्रका सुझावलाई कार्यान्वयनतर्फ लैजानेमा आफूहरू आशावादी रहेको बताएका छन् । बुधबार काठमाडौँमा आयोजित प्रिबजेट छलफल कार्यक्रममा उनले विगतजस्तो निजी क्षेत्रका सुझावहरू थन्किने अवस्था अब नरहने विश्वास व्यक्त गरे ।

उनले भने,'अहिलेको परिवर्तनको समयमा हामीले पनि अब नयाँ परिवेशमा सोच्नुपर्छ । र हामीले दिएको सुझाव पहिले जस्तो थन्केर बस्दैनन् । आफ्नो सुझावलाई सरकारले अगाडि बढाउँछ भन्ने लागेको छ । किनकी अर्थतन्त्र बढेन भने जुन सरकार पनि टिकाउ हुँदैन भनेर यो दुई दशकमा देखिसक्यौँ । नागरिकको अपेक्षा अनुसार काम नहुँदा यो ठाउँमा आइपुग्नुपर्यो ।' उनले हरेक राजनीतिक परिवर्तनसँगै निजी क्षेत्रमाथि आक्रमण हुने प्रवृत्ति अन्त्य गर्नुपर्नेमा जोड दिँदै लगानीकर्ता र रोजगारी सिर्जना गर्ने व्यवसायीलाई सम्मान गर्नुपर्ने बताए । ढकालले उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्नुपर्ने, आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

'हरेक राजनीतिक परिवर्तनमा निजी क्षेत्रमाथि आक्रमण हुने परिपाटीबाट बाहिर निस्केर लगानी गर्ने र रोजगारी दिने मानिसलाई सम्मान गर्नुपर्छ भन्ने परिवेशमा हामी अहिले उभिएका छौँ ,' उनले भने ।

# मटिहानी नगरपालिकालाई सामाजिक विकासमा उत्कृष्ट नगरपालिका सम्मान

मो.इर्शाद
महोत्तरी, २६ चैत्र



नेपाल नगरपालिका संघ को ३३औं वार्षिक उत्सवको अवसरमा मटिहानी नगर पालिकालाई सामाजिक विकास क्षेत्रमा उत्कृष्ट कार्य गरेको भन्दै सामाजिक विकास तर्फ उत्कृष्ट नगरपालिका सम्मानबाट सम्मानित गरिएको छ।

काठमाडौंमा आयोजित संघको वार्षिक उत्सव विशेष समारोहमा प्रतिनिधि सभाका सभामुख डोल प्रसाद अर्यालले मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डललाई उक्त सम्मान प्रदान गरेछन्।

कार्यक्रममा संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाले मटिहानी नगर पालिकाले शिक्षा, स्वास्थ्य, महिला सशक्तीकरण, बाल अधिकार संरक्षण तथा सामाजिक समावेशीकरणका क्षेत्रमा प्रभावकारी काम गरेकोले उक्त सम्मान प्रदान गरिएको बताए। उनले स्थानीय तहले समुदायमै केन्द्रित सेवा र कार्यक्रम मार्फत उल्लेखनीय उपलब्धि हासिल गरेको उल्लेख गरे।

संघले देशभरका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका गरी २९३ स्थानीय तहहरूमध्ये विभिन्न पाँच विधामा उत्कृष्ट कार्य गर्ने ७ वटा पालिकाहरूलाई यस वर्ष पुरस्कृत गरेको हो। सोहि अन्तर्गत सामाजिक विकासतर्फ मटिहानी नगरपालिका,सहरी योजना तथा पूर्वाधार विकासतर्फ पोखरा महानगर पालिका र बुढानिलकण्ठ नगरपालिकाले पुरस्कार प्राप्त गरेका छन् भने वातावर ण, संस्कृति तथा पर्यटन क्षेत्रमा गोदावरी नगरपालिका र इलाम नगर पालिका पुरस्कृत गरिएको छ। यता स्थानीय आर्थिक विकासतर्फ मन्थली नगर पालिका (रामेछाप) लाई पुरस्कृत गरि एको छ यसैगरी संस्थागत विकास, सेवा प्रवाह तथा वित्तीय सुशासन तर्फ हलेसी तुवाचुङ नगरपालिकालाई उत्कृष्ट घोषणा गर्दै पुरस्कार प्रदान गरिएको छ।

# जलेश्वरबाट १९२ किलो गाँजासहित एक पक्राउ

मो.इर्शाद
महोत्तरी, २६ चैत्र



महोत्तरी जिल्लाको जलेश्वर नगर पालिकाबाट महोत्तरी प्रहरीले १९२.८ किलोग्राम गाँजासहित एक जनालाई नियन्त्रणमा लिई अनुसन्धान अघि बढाएको छ।

प्रहरी उपरीक्षक हेरम्ब शर्माको कमाण्डमा खटिएको प्रहरी टोलीले बुधबार राति जलेश्वर नगरपालिका-८ कजराही कुट्टी अगाडि सवारी जाँचका क्रममा बा.प्र.०२-००६९९४ नम्बरको निसान कारबाट उक्त परि माणको गाँजा बरामद गरेको हो।

जाँचका क्रममा कारमा सवार व्यक्तिहरू सवारीसाधन छोडी फरार भएपछि प्रहरीले कार खानतलासी गर्दा २२ वटा पोकामा राखिएको गाँजा फेला परेको जनाएको छ।उक्त कार सँगै आएको प्रदेश २-०३-००१ च ९०७७ नम्बरको नेक्सस कारलाई समेत प्रहरीले पछ्याउँदै महोत्तरी गाउँपालिका-४ रतवाडाबाट फेला पारी सोही कारमा सवार एक २६ वर्षीय पुरुषलाई नियन्त्रणमा लिएको हो। जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी प्रहरी निरीक्षक विश्वम्भरनाथ साहका अनुसार पक्राउ परेका व्यक्तिमाथि थप अनुसन्धान भइरहेको छ भने फरार व्यक्तिहरूको खोजी कार्य जारी रहेको छ घटनासम्बन्धी अनुसन्धानका लागि प्रहरीले अदालतबाट पाँच दिनको म्याद लिएको जनाएको छ।

# नेपाल 'ए' क्रिकेट टिमले पनि ओमान, स्कटल्यान्ड र अमेरिकासँग खेल्ने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ चैत्र



नेपाल 'ए' क्रिकेट टिमले पनि ओमान, स्कटल्यान्ड र अमेरिकासँग एकदिवसीय खेलहरू खेल्ने भएको छ ।

नेपालमा हुने लिग २ का आगामी दुई शृंखलाका क्रममा नेपालको 'ए' टोलीले पनि खेल्ने भएको हो । नेपाल क्रिकेट संघ (क्यान) ले मुलपानी क्रिकेट मैदानमा हुने खेलहरूको तालिका सार्वजनिक गरेको छ । जसअनुसार नेपाल 'ए' ले तीनै टोलीसँग दुई-दुई खेल खेल्ने छ । तालिका अनुसार नेपाल 'ए' ले पहिलो दुई खेल ओमानसँग अप्रिल २२ र २४ मा खेल्नेछ। त्यसपछि मे ६ र ९ मा स्कटल्यान्ड तथा मे ७ र ११ मा अमेरिकासँग प्रतिस्पर्धा गर्नेछ । नेपाल 'ए' ले पछिल्लोपटक भारतमा गएर आसामसँग टी-२० शृंखला खेलेको थियो । यस शृंखलामा खेल्ने नेपाल ए को टोली भने घोषणा हुन बाँकी छ । लिग २ मा नेपालको पुरुष राष्ट्रिय क्रिकेट टिमले ओमान र यूएईसँग अप्रिल २५ लेखि मे ५ सम्म खेल्दैछ । त्यस्तै स्कटल्यान्ड र अमेरिकासँग मे १२ देखि २२ सम्म खेल्दै छ ।

# रिहाइका लागि आवाज उठाउनेप्रति अध्यक्ष ओलीले दिनुभयो धन्यवाद

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ चैत्र



पूर्व प्रधानमन्त्री एवम् नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो रिहाइका लागि आवाज उठाउने सबैप्रति आभार व्यक्त गर्नुभएको छ । १३ दिन लामो हिरासतबाट छुटे लगत्तै सामाजिक सञ्जालमार्फत उहाँले आभार प्रकट गर्नुभएको हो ।

उहाँले फेसबुकमा लेख्नुभएको छ, 'सरकारले पूर्वाग्रह र प्रतिशोधपूर्ण रूपमा फौजदारी अभियोग लगाई १३ दिनसम्म गैरकानुनी नियन्त्रणमा राखे पनि मुद्दा चलाउने आधार र प्रमाण नपुगेपछि अन्ततः म रिहा भएको छु। मेरो रिहाइका लागि आवाज उठाउनुहुने सम्पूर्ण न्यायप्रेमी दिदीबहिनी तथा दाजुभाइहरू, कानुनी लडाइँमा अहोरात्र साथ दिनुहुने कानुन व्यवसायी मित्रहरू, न्यायकर्मीहरू, न्यायको पक्षमा वकालत गर्ने विभिन्न राजनीतिक दल, नेताहरू र सञ्चारकर्मीहरूप्रति आभार प्रकट गर्दछु। साथै, परमादेश जारी गर्ने सम्मानित सर्वोच्च अदालतप्रति उच्च सम्मान व्यक्त गर्दछु ।' सर्वोच्च अदालतको आदेशसँगै प्रहरी नियन्त्रणबाट मुक्त भएपछि बिहीबार ओलीले सरकारले पूर्वाग्रह र प्रतिशोधका आधारमा आफूलाई नियन्त्रणमा राखेको दाबी गर्नुभएको छ। उहाँले भन्नुभएको छ, "परमादेश जारी गर्ने सम्मानित सर्वोच्च अदालतप्रति म उच्च सम्मान व्यक्त गर्दछु ।" आफ्नो रिहाइका लागि आवाज उठाउने न्यायप्रेमी जनसमुदाय, कानुनी लडाइँमा साथ दिने कानुन व्यवसायी, न्यायकर्मी, विभिन्न राजनीतिक दलका नेता तथा सञ्चारकर्मीप्रति उहाँले आभार प्रकट गर्नुभएको हो । हिरासतमा रहँदा मानवीय व्यवहार गर्ने प्रहरी प्रशासन र स्वास्थ्योपचारमा संलग्न त्रिवि शिक्षण अस्पताल परिवारलाई समेत उहाँले धन्यवाद दिनुभएको छ । आफ्नो रिहाइको माग गर्दै प्रदर्शन गर्ने क्रममा घाइते भएका कार्यकर्ताको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै अध्यक्ष ओलीले उनीहरूको उपचार खर्च राज्यले बेहोर्नुपर्ने माग गर्नुभएको छ ।

"राज्य यस विषयमा उदासीन भएमा पार्टीले नै उपचार खर्च बेहोर्ने जानकारी गराउन चाहन्छु," वक्तव्यमा उल्लेख छ । प्रतिकूल स्वास्थ्य अवस्थाका कारण अध्यक्ष ओली केही दिन अस्पतालमै रहेर थप उपचार गराउनुहुने भएको छ । यस कठिन घडीमा सद्भाव र शुभेच्छा प्रकट गर्ने पार्टीका नेता, कार्यकर्ता तथा समस्त शुभचिन्तकमा उहाँले धन्यवाद ज्ञापन गर्नुभएको छ ।

# भू-आर्थिक जटिलतामा अर्थतन्त्र



-युद्धविरामको समाचार र युद्धका बाछिटा एकै पटक मुलुक भित्रिएका छन् । राज्य र सरकारको ध्यान अब अर्थतन्त्रलाई ठूलो हानि हुनबाट जोगाउने र समाजमा भय कम गर्नमा केन्द्रित हुनुपर्छ । नेपालजस्तो सानो, आयात निर्भर, भूपरिवेष्ठित र खुला अर्थतन्त्रका लागि 'बाह्य संकट' प्रायः 'महँगी' भएर आउँछ । तर त्यसको असर केवल मूल्यवृद्धिसम्म मात्र सीमित हुँदैन । यसकारण दैनिक जीवनमा संकट गहिरिँदै जान सक्छ । यसलाई सम्बोधन गर्न सम्भव छ कि छैन ? यस आलेखमा म यही प्रश्नको वरिपरि छलफल गर्नेछु । विश्वव्यवस्थामा दरार आएका छन् । युद्ध र शक्ति-प्रतिस्पर्धाले ऊर्जा र खाद्य बजारलाई अस्थिर बनाएका छन् । आपूर्ति शृंखला अवरुद्ध छन् । प्रतिबन्ध र प्रतीकारात्मक प्रतिबन्धले वित्तीय कारोबार जटिल भएका छन् । समुद्री मार्ग तथा ढुवानी जोखिमले लागत बढाइरहेको छ ।

यी सबैभन्दा पनि ठूलो चिन्ता भनेको यिनै संकटलाई व्यवस्थापन गर्न काम गर्ने बहुपक्षीय मञ्च, संस्था र संयन्त्रहरूको प्रभावकारितामा क्षयीकरण भइरहेको छ । शक्तिराष्ट्रहरू नै स्वार्थपूर्ण द्वन्द्व र युद्धमा प्रवेश गरेपछि समन्वयमा कमी आएको छ । नियममा आधारित व्यापार विवाद समाधानको पक्ष कमजोर छ । कुनै एक संकटमा मुलुकहरूबीचको साझा प्रतिक्रिया र सोच कठिन हुँदै गएको छ । यस्तो अवस्थामा साना देशका लागि 'नियमले जोगाउने' सुरक्षा घट्छ । त्यसपश्चात् उनीहरू आफ्नो 'अवस्था जोगाउन' संघर्ष गर्नुपर्छ । यही पृष्ठभूमिमा नेपालभित्र 'पोस्ट-जेन-जी अपेक्षा' को वातावरण छ । जहाँ नागरिकले पारदर्शिता, परिणाम, निष्पक्षता र अवसरको माग गर्छन् । त्यसैले युद्धजन्य बाह्य संकटको झट्का र भित्रको उच्च अपेक्षाबीच सरकारका लागि चुनौती केवल आर्थिक स्थिरता होइन, विश्वास र सामाजिक शान्ति पनि हो । बाह्य संकटको पहिलो धक्का प्रायः ऊर्जा बजारबाट सुरु हुन्छ ।

नेपालमा त्यसको असर 'लागतको आगो' बनेर फैलिन्छ । कच्चा तेल र ग्यास महँगिँदा ढुवानी महँगिन्छ । उद्योगको सञ्चालन खर्च बढ्छ । कृषि उत्पादनदेखि सहरको दैनिक उपभोगसम्म सबै वस्तुको लागत संरचना बिग्रिन्छ । नेपालमा यातायात निर्भर आपूर्ति प्रणाली भएकाले इन्धनको मूल्य बढ्दा तरकारी, दूध, औषधि, निर्माण सामग्री, सेवा शुल्कलगायत सबै चर्किन्छन् । उद्योगले आयातित कच्चा पदार्थ र ऊर्जामा लागत बढेको देखेपछि उत्पादन घटाउन थाल्छन् । मूल्य बढाउन सुरु गर्छन् । जसले रोजगारी र आम्दानीमा दबाब पार्छ । यस्तो 'लागत-आधारित महँगी' ले आम मानिसको वास्तविक आय घटाउँछ । स्थिर आम्दानी हुने वर्ग तथा निम्न आय समूहमा यसको चोट गहिरो हुन्छ ।

१९७० को दशकको विश्व तेल संकटले धेरै देशमा महँगी र सुस्ती एकसाथ ल्याएको उदाहरण छ । नेपालमा त्यस समयको औद्योगिक संरचना आज जस्तो नभए पनि, आयातित इन्धन र ढुवानी लागतमार्फत महँगी आउने यथार्थ पुरानै हो । अहिले त सहरीकरण, उपभोगको विविधता र आयात निर्भरता बढेकाले मूल्य झट्का अझ छिटो र व्यापक रूपमा फैलिन्छ । दोस्रो धक्का आपूर्ति शृंखला र ढुवानी जोखिमबाट आउँछ । यहाँनेर बहुपक्षीय संस्था र मञ्चहरूको क्षयको असर थप स्पष्ट देखिन्छ । युद्धले समुद्री मार्ग असुरक्षित बनाउँदा 'फ्रेट दर' बढ्छ, बिमा प्रिमियम बढ्छ र ढुवानी समय अनिश्चित हुन्छ । नेपाल भूपरिवेष्ठित भएकाले यहाँ आयात लागत र समयलाई प्रभावित गर्छ । युद्धका बेला लागू हुने प्रतिबन्ध र कम्प्लायन्सले बैंकिङ भुक्तानी र व्यापार वित्त जटिल बनाउँछ । साना आयातकर्ताका लागि ऋण, बिमा र सेटलमेन्ट महँगो हुन जान्छ । बहुपक्षीय संयन्त्र कमजोर हुँदा यस्ता समस्यामा छिटो समन्वय वा विवाद समाधान हुने सम्भावना पनि घट्छ । नेपालले विगतमा आपूर्ति अवरोध/असहजताका अनुभवहरूबाट के सिकेको छ भने इन्धन, औषधि र अत्यावश्यक सामग्रीको आपूर्ति अड्किँदा अर्थतन्त्र मात्र होइन, दैनिक जीवन नै ठप्प हुन्छ । व्यवसाय बन्द हुन्छन् । निर्माणमा रोकावट आउँछ । अस्पताल तथा विद्यालयसम्ममा असर पर्न जान्छ । आजको डिजिटल युगले संकटलाई अझ जटिल बनाउँछ । किनकि अफवाह छिटो फैलिन्छ र 'भोलि पाइँदैन' भन्ने डरले अत्यधिक खरिद बढाउँछ । यस्तो मनोविज्ञान आफैंमा संकट हो । र, यसलाई नियन्त्रण गर्न सूचना, अनुगमन र विश्वास निर्माण सरकारको क्षमताको मुख्य परीक्षा बन्छ । यस अवस्थामा खाद्य सुरक्षा सबैभन्दा संवेदनशील आयाम हो । अन्न उत्पादन क्षेत्र, खाने तेल आपूर्ति, रासायनिक मल आयात प्रभावित भएका हुन्छन् ।

संकटका बेला धेरै देशले घरेलु सुरक्षा भन्दै निर्यातमा प्रतिबन्ध लगाउँछन् । नेपालमा मल ढिलो वा महँगो हुँदा उत्पादन घट्ने जोखिम बढ्छ । खाद्य उत्पादन घटेपछि मूल्य बढ्छ । मूल्य बढेपछि गरिब परिवारको पोषण घट्छ । खाद्य महँगीले समाजमा असन्तोष बढाउँछ । रोटी, चामल वा इन्धनको मूल्य बढ्दा राजनीति अस्थिर हुने सम्भावना रहन्छन् । पोस्ट-जेन-जी अपेक्षाको युगमा दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि तुरुन्तै डिजिटल बहस र सडकको एजेन्डा बन्न सक्छ । यो अवस्थामा सरकारलाई 'महँगी विश्व बजारका कारण' भनेर मात्र टार्न मिल्दैन । नागरिकले सोध्छन्- राज्यको तयारी कहाँ थियो, भण्डारण कति थियो, वितरण किन बिग्रियो, कालोबजारीलाई कसरी रोकियो र कमजोर वर्गलाई कसरी जोगाइयो ? यी प्रश्नको उत्तर विश्वसनीय ढंगले दिन सक्नु सरकारको दायित्व बन्न जान्छ । पर्यटन र सेवा क्षेत्र प्रभावित हुन्छन् । विश्वमा जोखिमबोध बढ्दा यात्रु घट्छन् । इन्धन महँगो हुँदा हवाई टिकट महँगिन्छ । विश्व अर्थतन्त्र सुस्त हुँदा मानिसले वैकल्पिक खर्च कटौती गर्छन् । नेपालमा पर्यटन घट्दा होटल, गाइड, ट्रेकिङ एजेन्सी, यातायात, रेस्टुरेन्ट, हस्तकला, स्थानीय उद्यमलगायतमा आम्दानी घट्छ । १९९६-२००६ को आन्तरिक द्वन्द्वकालले नेपाललाई सिकाएको एउटा पाठ के हो भने सुरक्षा जोखिमले माग घटाउँछ । बाह्य युद्धले क्षेत्रीय अस्थिरता बढायो भने नेपालमा पर्यटन पुनरुत्थान झन् कठिन हुन सक्छ । पर्यटन घट्दा विदेशी मुद्रा आम्दानी घट्छ, जुन अर्थतन्त्रका लागि महत्त्वपूर्ण स्तम्भ हो । रेमिट्यान्स पनि वर्तमान अनिश्चितताबाट अलग छैन । विश्वबजार सुस्त हुँदा गन्तव्य देशमा परियोजना निर्माणदर र लगानी घट्छ । रोजगारीका अवसर कम हुन्छन् । श्रमबजार अस्थिर हुन्छ । आप्रवासन नीतिमा कडाइ हुन थाल्छ । रेमिट्यान्स घट्दा घरपरिवारको उपभोग घट्छ । ऋण तिर्ने क्षमता कमजोर हुन्छ । बैंकिङ प्रणालीमा कर्जा गुणस्तरको जोखिम बढ्छ । आयात धान्न आवश्यक विदेशी मुद्रा प्रवाह कमजोर हुन्छ । यसरी विद्यमान अनिश्चितताले घरको बजेटदेखि राष्ट्रको विदेशी मुद्रा भण्डारसम्म एकैचोटि दबाब पर्छ ।

विभिन्न युद्ध र बहुपक्षीय संयन्त्रहरू क्षयको युगमा एउटा थप संरचनात्मक समस्या बढ्छ । त्यो हो, भू-आर्थिक विभाजन । व्यापार र लगानीमा अब 'सस्तो-छिटो' मात्र हेरेर हुँदैन । 'सुरक्षित तथा अनुमानयोग्य' र 'राजनीतिक रूपमा स्वीकार्य' पनि हेर्नुपर्ने हुन्छ । कुनै देशले कुन प्रविधि कसलाई दिने, कुन कच्चा पदार्थ कसले नियन्त्रण गर्ने र कुन मार्ग सुरक्षित मानिने भन्ने प्रश्नहरू अर्थशास्त्रभन्दा भू-राजनीतिले बढी निर्देशित गर्न थाल्छन् । बहुपक्षीय मञ्चहरू कमजोर हुँदा नियममा आधारित भरोसा घट्छ । र, द्विपक्षीय/क्षेत्रीय सौदाबाजी बढ्छ । जहाँ साना देशको मोलतोल शक्ति सीमित हुन्छ । यसको लागत अन्ततः नेपाली निजी क्षेत्रले उच्च रूपमा तिर्नुपर्छ । आपूर्ति स्रोत बदल्नुपर्ने, नयाँ मानक मिलाउनुपर्ने, वित्तीय व्यवस्था बलियो बनाउनुपर्ने र जोखिम प्रिमियम तिर्नुपर्ने लगायतका थप खर्चहरू निजी क्षेत्रले बेहोर्नुपर्ने हुन्छ । यस्तो वातावरणमा लगानी रोकिन्छ । पर्ख र हेरको नीति निजी क्षेत्रले अवलम्बन गर्न थाल्छ । उद्योग विस्तार स्थगित हुन्छ । रोजगारी सिर्जना शून्यप्रायः हुन्छ ।

शक्तिराष्ट्रहरू नै स्वार्थपूर्ण द्वन्द्व र युद्धमा प्रवेश गरेपछि समन्वयमा कमी आएको छ । नियममा आधारित व्यापार विवाद समाधानको पक्ष कमजोर छ । कुनै एक संकटमा मुलुकहरूबीचको साझा प्रतिक्रिया र सोच कठिन हुँदै गएको छ । यस्तो अवस्थामा साना देशका लागि 'नियमले जोगाउने' सुरक्षा घट्छ । त्यसपश्चात् उनीहरू आफ्नो 'अवस्था जोगाउन' संघर्ष गर्नुपर्छ । यो विश्व सन्दर्भ मुलुकभित्रको अपेक्षासँग जोडिँदा सरकारको नीति निर्माण र कार्यान्वयन शैली परिवर्तन हुन जरुरी छ । अबका दिनमा नागरिकले निर्णयपछाडिको पृष्ठभूमि, तर्क, प्रक्रिया, तथ्यांक र परिणाम माग्छन् । उनीहरू पारदर्शिता र जवाफदेहितामा सम्झौता गर्न तयार छैनन् । डिजिटल सार्वजनिक क्षेत्रले सरकारी कमजोरीलाई तुरुन्तै उजागर गर्छ । यसले सरकारलाई सक्षम बन्न बाध्य बनाउँछ । असन्तोष पनि छिटो संगठित हुन्छ । त्यसैले संकट व्यवस्थापनलाई सरकारले 'अर्थतन्त्रको प्राविधिक समस्या' मात्र होइन, 'विश्वासको व्यवस्थापन' पनि मान्नुपर्छ । यहाँनेर सरकारको आर्थिक नीति सार्वजनिक खर्च र करका दरद्वारा अर्थतन्त्रमा प्रभाव पार्ने उपाय-मुख्य औजारका रूपमा आउँछ । आर्थिक नीतिको सार भनेकै सरकारले खर्च र करका दर समायोजन गरेर अर्थतन्त्रमा आवश्यक सुधारको थालनी गर्नु हो । बाह्य संकटको झट्का लागत भएर आए पनि यसलाई आर्थिक नीतिमार्फत 'कसलाई कति असर पर्छ' भन्ने वितरणात्मक प्रभावलाई व्यवस्थापन गर्न सक्नुपर्छ । माग अत्यधिक संकुचित हुन नदिन र दीर्घकालीन प्रतिरोध क्षमता निर्माणतर्फ खर्चलाई मोड्न सक्नुपर्छ । यस्तो समयमा आर्थिक नीतिको प्राथमिकता 'सबैलाई' होइन, 'लक्षित सुरक्षा' हुनुपर्छ । लागतमा आधारित महँगीको बेला सबैलाई समान राहत दिँदा खर्चको आकार धेरै ठूलो हुन्छ । यसले वित्तीय जोखिम बढाउँछ । तर आवश्यकतामा आधारित लक्षित सहायता गरियो भने सीमित स्रोतले पनि ठूलो सामाजिक स्थिरता दिन सक्छ । त्यसैले सरकारको खर्च नीतिमा अत्यावश्यक खाद्य, स्वास्थ्य र न्यून आय भएका परिवारको जीवनयापन सुरक्षित गर्ने कार्यक्रमहरू केन्द्रमा आउनुपर्छ । यसको उद्देश्य अर्थतन्त्रलाई एकैचोटि चलायमान बनाउनु मात्र होइन, संकटले कमजोर समूहलाई ध्वस्त पार्न नदिनु हो । जब नागरिकले 'सबैभन्दा कमजोरलाई राज्यले छोयो' भन्ने देख्छ, तब कठिन निर्णयको सामाजिक स्वीकृति बढ्छ । साथसाथै, कर नीतिले पनि अत्यावश्यक वस्तुको मूल्य झन् नचर्कियोस् भन्ने हिसाबले भूमिका खेल्न सक्छ । उदाहरणका लागि, अत्यावश्यक वस्तु तथा कच्चा पदार्थको आपूर्ति सहज बनाउन कर संरचना अस्थायी रूपमा समायोजन गर्न सकिन्छ । तर त्यो समायोजन पारदर्शी र समय-सीमित बनाउनुपर्छ । कर छुट तथा समायोजनले राहत दिन्छ । तर अनन्तकाल चलाइयो भने राजस्व आधार कमजोर हुन्छ ।

पर्यटन, रेमिट्यान्स वा निजी माग कमजोर हुँदै जाँदा अर्थतन्त्रमा माग धक्का आउन सक्छ । यस्तो बेला सरकारको खर्चले माग गिरावटको चक्रलाई नरम पार्छ । तर खर्च कहाँ गर्ने भन्ने निर्णायक हुन्छ । दीर्घकालमा उत्पादन क्षमता बढाउने विषय माग मात्रले हुँदैन । दीर्घकालीन उत्पादन पुँजी, श्रम र प्रविधिबाट निर्धारण हुन्छ । त्यसैले आर्थिक नीतिको डिजाइन यस्तो हुनुपर्छ, जसले छोटो अवधिमा अर्थतन्त्रलाई सहयोग गरोस् र दीर्घकालमा पुँजी, श्रम र प्रविधिमा सुधार ल्याओस् ।

**सांभार : कान्तिपुर ।**

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday